जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक १३१ | २०७७ साल पुस ६ गते सोमबार (21 Dec. 2020 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : कामकाजको भाषा ... ३ पृष्ठमा : डब्लुएचओमा सूचीकृत ... ३ पृष्ठमा : भारतमा कोरोना भाइरस ...

# प्रधानमन्त्रीको असंबैधानिक कदम भएको भन्दै सत्तारुढ दल नेकपा र जसपाद्वारा प्रदर्शन तथा पुतला दहन








**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनको सिफारिस र लगत्तै राष्ट्रिपतिद्वारा गरिएको अनुमोदनको बिरोधमा सत्ताधारी दलकै नेता तथा कार्यकर्ताहरुले आइतबार राजविराजमा प्रदर्शन गर्नुका साथै प्रधानमन्त्रीको पुतला दहन गरेका छन् ।

उनीहरुले उक्त कदमलाई असंबैधानिक भन्दै न्यायका लागि अदालत जानुका साथै सडक तताउने घोषणा समेत गरेका छन् ।

राजविराजस्थित नेकपा जिल्ला पार्टी कार्यालयबाट निस्केको बिरोध जुलुसमा प्रधानमन्त्री ओली बिरुद्ध चर्को नाराबाजी गर्नुका साथै जनआन्दोलन चौकमा पुगेर उनको पुतला दहन गरेका हुन् ।

बिरोध प्रदर्शन पश्चात् आयोजित सभालाई सम्बोधन गर्दै सहभागि वक्ताहरुले उक्त कदमलाई निरंकुशशैली र असंबैधानिक कदमको संज्ञा दिँदै यस बिरुद्ध आदालत जानुका साथै चरणबद्ध आन्दोलनका कार्यक्तमहरु सार्वजनिक गर्ने बताए ।

बिरोध प्रदर्शनमा नेकपा जिल्ला इन्चार्ज एवं केन्द्रिय सदस्य रामप्रित पासवान, जिल्ला अध्यक्ष अशोक कुमार मण्डल, जिल्ला सचिव एवं प्रदेश सभा सदस्य गोबिन्द न्यौपाने, पूर्वमन्त्री उमेश यादव, महेश यादव, देवनाथ यादवलगायत ठूलो संख्यामा जिल्ला स्तरिय नेता तथा कार्यकर्ताहरु सहभागि थिए ।

यस्तै आइतबारै जनता समाजवादी पार्टी नेपाल सप्तरीका नेता तथा कार्यकर्ताहरुले समेत प्रधानमन्त्री सो कदम बिरुद्ध प्रदर्शन गर्नुका साथै पुतला दहन गरेका छन् ।

जसपाका केन्द्रिय सदस्य दिनेश यादव, जिल्ला नेता निरज मुक्ति, सुनिल झा लगायत नेताहरुको सहभगितामा प्रधानमन्त्री बिरुद्ध चर्का नाराबाजी गर्दै बिरोध जुलुसले राजविराज परिक्रमा गरेको थियो ।

परिक्रममा पश्चात् जनआन्दोलन चौकमा सम्पन्न बिरोध सभामा उनीहरुले प्रधानमन्त्रीको पुतला समेत जलाएका थिए ।

# प्रतिनिधिसभा विघटन निर्वाचन वैशाख १७ र २७ मा

काठमाडौं, ५ पुस (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ समेतका आधारमा विद्यमान प्रतिनिधिसभा विघटन गरी ताजा जनादेशका लागि निर्वाचनको मिति तोक्नुभएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई प्रधानमन्त्रीबाट सिफारिस भएबमोजिम पहिलो चरणमा आगामी २०७८ वैशाख १७ गते र दोस्रो चरणमा वैशाख २७ गते निर्वाचनको मिति तोकिएको छ ।

राष्ट्रपतिको कार्यालयका प्रवक्ता बद्रिनाथ अधिकारीले आइतबार जारी गर्नुभएको विज्ञप्तिमा संसदीय प्रणालीको मर्म एवं मूल्यमान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकको अभ्यासबमोजिम सङ्घीय संसद्को वर्तमान प्रतिनिधिसभा विघटन गरी अर्को प्रतिनिधिसभाको निर्वाचन मिति तोक्नुभएको जनाइएको छ ।

मन्त्रिपरिषद्को आइतबार बिहान भएको बैठकको निर्णयका आधारमा प्रधानमन्त्री केपी शर्मा ओलीले सो सिफारिस गर्नुभएको हो । गत २०७४ मंसिर ४ गते विद्यमान प्रतिनिधिसभाको निर्वाचन भएको थियो ।

# सात मन्त्रीद्वारा सामूहिक राजीनामा

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ पुस ।**

प्रधानमन्त्रीद्वारा चालिएको कदमप्रति गम्भीर असहमति जनाउँदै सात जना मन्त्रीले आइतबार सामूहिक राजीनामाको घोषणा गरेका छन् ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरीराजमणि पोखरेल, ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन, कृषि तथा पशुपंक्षी विकासमन्त्री घनश्याम भुसाल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई, वन तथा वातावरणमन्त्री शक्ति बस्नेत, श्रम तथा रोजगारमन्त्री रामेश्वर राय यादव र खानेपानी तथा सरसफाईमन्त्री बिना मगरले संयुक्तरुपमा राजीनामा गरेका हुन् ।

राजीनामा पत्रमा 'गैरसंवैधानिक, अलोकतान्त्रिक, जनादेशविपरीत तथा राजनीतिक मूल्य र स्थिरताको प्रतिकूल हुनेगरी चालिएको कदमप्रति गम्भीर असहमति जनाउँदै हामीले मन्त्री पदबाट राजीनामा गरेका छौं ।' उल्लेख छ ।

# प्रतिनिधिसभा विघटनलाई प्रतिवादन गर्न जसपाको आह्वान

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ पुस ।**

जनता समाजवादी पार्टी नेपालले राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा गरिएको प्रतिनिधिसभा विघटनलाई प्रतिवादन गर्न आह्वान गरेको छ ।

जसपा अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवले आइतबार एक विज्ञप्ति जारी गरी असंवैधानिक र अलोकतान्त्रिक कदम भनी

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# जनमतको अवहेलना !

अहिले मुलुक पुनः एक पटक राजनीतिक द्वन्दको चपेटमा परेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गर्ने प्रस्तावलाई राष्ट्रपतिले अनुमोदन गरेपछि मुलुक अहिले संबैधानिक संकटमा परेको छ। नेकपाको दुई तिहाईको बहुमतको सरकारले आफै गरेको असंबैधानिक निर्णयले गर्दा पार्टीभित्रै तिब्र असन्तुष्टि बढेको छ। नेकपा भित्र देखिएका दुई अध्यक्ष बीचको आन्तरिक कलहका कारण अहिले सिंगो मुलुकमा त्यसको प्रभाव परेको छ। लामो समयदेखी दुई अध्यक्षबीच आन्तरिक द्वन्द चलिरहेको थियो सोही द्वन्दका बीच प्रधानमन्त्री समेत रहेका अध्यक्ष ओलीले अकल्पनिय निर्णय लिँदै संसद नै विघठन गर्ने निधो गरे। र त्यसलाई राष्ट्रपतिले अनुमोदन गरेपछि अहिले मुलुकमा राजनीतिक अस्थिरता उत्पन्न भएको छ।

यता प्रधानमन्त्रीले चालेको असंबैधानिक कदमबिरुद्ध सबै दलले बिरोध गर्नुका साथै सो कदम फिर्ता लिन माँग गरिरहेको बेला राष्ट्रपतिले नयाँ निर्वाचनको मिति समेत तय गरेका छन्। यसरी आफ्नो पार्टीबीचमा समेत छलफल नगरि र मन्त्रीहरुको रायसुझाव समेतलाई लत्याउँदै यस्तो निर्णयले मुलुक अनिर्णयको बन्दी हुन पुगेको छ। नेपाली जनताले दुई तिहाईको बहुमतको सरकार दिएर पाँच वर्षसम्म निर्धक्क चलाउने दिएकोमा यस कदमले जनमतको अवहेलना भएको छ।

आउँदो दिनमा नेपालको राजनीतिले कस्तो रुप लिने हो भन्ने बारे कसैले सोचेको छैन्। तसर्थ मुलुकमा राजनीतिक स्थिरताका लागि सबै दलले संयमता तथा धैर्यता राख्नु अहिले अति आवश्यकता रहेको छ।

# कामकाजको भाषा निर्धारणमा ढिलाइले भाषिक विवाद चुलिँदै

जनकपुरधाम, ५ पुस (राासस)।

प्रदेश नं २ मा कामकाजको भाषा निर्धारण सन्दर्भमा भइरहेको ढिलाइले भााषाको विवाद चुलिँदै गएको छ। भाषाको प्रयोगका लागि आठ जिल्लामध्ये छ जिल्लामा भाषिक चर्चा परिचर्चा र विरोधका कार्यक्रम दिनप्रतिदिन भइरहेको छ। तथ्याङ्कअनुसार दुई नम्बर प्रदेशको आठ जिल्लामा मैथिली भाषी ४५.३० प्रतिशत, भोजपुरी भाषी १८.५८ प्रतिशत र हिन्दी भाषी ०.१२ प्रतिशत रहेका छन्।

विगतमा प्रदेशसभा शुभारम्भका क्रममा कतिपय प्रदेशसभा सदस्यले मातृभाषामा शपथ लिने बेलामा आफ्नो मातृभाषालाई वेबास्ता गरी अन्य भाषालाई मातृभाषा भनी उल्लेख गरेदेखि विवाद बढेको मानिएको छ। शपथका दिन १०७ प्रदेशसभा सदस्यमध्ये मैथिली भाषामा ४७, भोजपुरी भाषामा २५, नेपाली भाषामा २४ र ११ जना हिन्दी भाषामा शपथ लिएका थिए।

हिन्दी भाषामा शपथ लिनेमध्ये अधिकांशको मातृभाषा मैथिली रहेको अवस्थामा हिन्दीमा शपथको अर्थ के थियो ? भन्ने प्रश्नले मैथिली मातृभाषीबीच चिन्ताको विषय बनेको बेलामा नै मैथिली भाषामा शपथ लिएकामध्येबाटै एकजना सदस्यले प्रदेशसभाको प्रथम बैठकमा हिन्दीमा बोलेपछि मातृभाषाको उपेक्षा गर्ने सदस्यलाई लक्षित विरोधका स्वर र कार्यक्रमले वर्तमानसम्म निरन्तरता पाएको देखिएको छ।

मिथिला क्षेत्रको भाषा मैथिली हो। प्राचीन मिथिलाको मातृभाषा मैथिली रहेको दाबी विद्वान्को छ। वाल्मीकी रामायणको सुन्दरकाण्डको श्लोक १८ मा उल्लेख गरिएअनुसार रावणले सीतालाई हरण गरी अशोक बाटिकामा राखेको बेला हनुमानले सीतासँग मैथिली मातृभाषामा संवाद गरेका थिए। संस्कृत भाषामा कुरा गरेमा रावणका गणले सरल ढङ्गले बुझ्ने भएकाले एकापसमा बुझिने भाषाको प्रयोग गर्नु बाध्यता रहेको थियो।

डा दुर्गानन्द झाद्वारा लिखित मैथिली साहित्यको इतिहास नामक पुस्तकअनुसार मिथिलाको अस्तित्व वेदकालदेखि नै रहेको छ। वेद, पुराण, उपनिषद, मिमांशामा वर्णित वातावरण, वनस्पति, जीवजन्तु, मिथिलासँग मेल खान्छन्। जनक वंशको उदयपछि विधिवतरूपमा मिथिला राज्यको स्थापना भएको थियो र जसको राजधानी जनकपुरधाम रहेको थियो। इतिहासकारले जनक वंशको कार्यकाल इसापूर्व ३००० देखि ६०० सम्म उल्लेख गरेका छन्। यसबीचमै सीताको जन्म भएको थियो। कोशी, कमला, वाग्मती, गण्डकी तथा गङ्गाजस्ता नदीको मध्यमा रहेको यस भूमिलाई तिरभूक्ति अर्थात् तीनतिरबाट घेरिएको भनिन्छ।

आठौँ शताब्दीमा लिखितसिद्ध ग्रन्थ मैथिली भाषामा रहेको छ। त्यस बेलाका डाँक, भास, भुसुप्पालगायत सिद्ध कविका दोहा तथा गान अहिले उपलब्ध छ। यी स्रष्टाका अधिकांश रचना नेपालका तराई भूमिमा प्राप्त भएको छ। भारोपेली भाषा समूहको भाषामध्ये सबैभन्दा प्राचीन ग्रन्थ ज्योतिश्वरको धुत समागम मैथिली भाषामा लिएको उपलब्ध छ।

भाषाविद् डा रामावतार यादवका अनुसार राष्ट्रिय अभिलेखालयमा सन् ९०० देखि १८ औं शताब्दीभित्र लेखिएको नाटकको १५० पाण्डुलिपि रहेकोमध्ये मैथिलीमा ११५, नेवारीमा २६ र बङ्गालीमा पाँच वटा रहेका छन्। अहिलेसम्म पुष्टिको आधारमा भारतीय आर्य समुदायका २८ भाषामध्ये मराठीपछि मैथिली नै पुरानो रहेको छ। उन्नाइसौं शताब्दीमा जर्ज अब्राह्म गियर्सनद्वारा गरिएको सर्वेक्षणमा तराई र विहारको अधिकांश क्षेत्रमा मैथिलीको स्वतन्त्र साहित्यिक परम्परा रहेको उल्लेख गरिएको छ।

इतिहासकार डा तुलसीराम वैद्यद्वारा सिम्रोनगढमा गरिएको अनुसन्धानबाट कर्णाटवंशीय राजाको शासनकालमा मैथिली भाषालाई राजकीय संरक्षण प्राप्त भएको देखिन्छ। चौधौँ शताब्दीको पूर्वार्द्धदेखि नै कान्तिपुर, ललितपुर, भक्तपुर, बनेपालगायतका स्थानमा यसको व्यापक प्रभाव थियो। इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार सेन राजाको कामकाज मैथिली भाषामा हुन्थ्यो।

चौधौँ शताब्दीमा मैथिलीका महाकवि विद्यापतिको जन्म भइसकेको थियो। सन् १३४० को वरिपरि जन्मेका विद्यापतिले एक दर्जनभन्दा अधिक गद्य र पद्यको रचना गरेका थिए। विद्यापतिलाई रवीन्द्रनाथ टैगोरले समेत काव्य गुरु स्वीकार गरेका छन्। विद्यापति जनकपुरधामकै नजिक बनौली गाउँमा बास बसेको बेला भागवत गीताको मैथिली अनुवाद र आधा दर्जन पुस्तक लेखेको प्रमाणिक आधार भेटिन्छ।

पृथ्वीनारायण शाहले उपत्यकामाथि विजय गर्नुअघि त्यहाँको कामकाजको भाषा मैथिली रहेको पाइन्छ। मल्ल राजा मैथिलीमा बोल्थे, साहित्य पनि सिर्जना गर्थे। पृथ्वीनारायणले मैथिली भाषा-संस्कृतिमाथि रोक लगाएर नेपालीलाई कामकाजको मान्यता दिएको देखिन्छ। पछि राजा महेन्द्रले 'एउटै राजा एउटै देश, एउटै भाषा एउटै भेष' नीतिको नाममा मैथिली भाषा-संस्कृतिमाथि प्रहार गरी पहिचानलाई समाप्त गर्ने पडयन्त्र गरिएको अध्याय इतिहासमा पाइन्छ। विडम्बना त्यही परिदृश्य अहिले पनि देखा पर्नु चिन्तनीय पक्ष हो।

यस अवस्थामा इतिहास, व्यवहार र वैज्ञानिक सिद्ध आधारमा समृद्ध मैथिली भाषाको अस्तित्व नै सङकट पार्नेविरूद्धको भाषिक आन्दोलनलाई अतिक्रमणको मारबाट बचाउने अभियानका रूपमा लिनु जरूरी देखिएको छ। किनकी भाषाको सम्बन्ध संस्कृति, सभ्यता, स्वाभिमान र पहिचानसँग गाँसिएको छ। यसलाई समाजको सामूहिक एकता, उन्नति, प्रगति र क्रान्तिकारी परिवर्तनको अनिवार्य साधन मानिएको छ। विगतका शाहकालका शासकले सत्ता, हैकम, राजनीति कायम गर्न मैथिली भाषाप्रति गरेको प्रहारका कारण मैथिली भाषा आफ्नो पुरानो अस्तित्वको खोजमा रहेको छ। आफ्नो लिपि छ, स्रष्टा छन् तर उपेक्षित छन् ।

संस्कृति भन्नाले भाषाको प्रयोग, जीविकोपार्जन, शासन व्यवस्था, एक पुस्ताले अर्को पुस्तालाई छाड्दै गएको उपलब्धिलाई जनाउँछ। यसैअन्तर्गत वंशगत शिल्प, वस्तु, धारणा, प्रक्रिया, अभ्यास तथा मूल्य समावेश रहेको हुन्छ। त्यसैले

***बाँकी तीन पृष्ठमा***

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# डब्लुएचओमा सूचीकृत नभए पनि कोभिड-१९ विरुद्धको खोप नेपाल आउने

काठमाडौँ, ५ पुस (रासस)।

सरकारले कोरोना भाइरसविरुद्धको खोप विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) मा सूचीकृत नभए पनि यहाँका नागरिकलाई प्रयोगमा ल्याउन पाउने भएको छ।

खोपसम्बन्धी चारवटा मापदण्डमध्ये दुई पूरा भएपछि खोपको स्वीकृति डब्लुएचओले नदिए पनि सरकारले यहाँका नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउनका लागि ल्याउन पाउने भएको हो। पहिलो कोभिड-१९ विरुद्धको खोप डब्लुएचओमा सूचीकृत हुनुपर्ने, दोस्रो डब्लुएचओमा आकस्मिक प्रयोगका लागि सूचीकृत हुनुपर्ने, तेस्रो खोप उत्पादन गरेका मुलुकको नियमनकारी निकायमा दर्ता हुनुपर्नाका साथै त्यहाँका नागरिकलाई खोप लगाइएको हुनुपर्ने र चौथौ नेपालको औषधि विभागमा दर्ता हुनुपर्ने व्यवस्था छ।

अहिले कोभिड-१९ विरुद्धको खोप उत्पादन गरेका मुलुकको नियमनकारी निकायमा दर्ता भएको, त्यहाँका नागरिकलाई खोप लगाइएको हुनुपर्ने र औषधि विभागमा दर्ता भएपछि नेपालमा ल्याएर लगाउन मिल्ने छ। सरकारले डब्लुएचओमा सूचीकृत नभए पनि आकस्मिक अवस्थामा औषधि तथा खोप दर्ता व्यवस्थाका लागि औषधि ऐन-२०३५ अध्यादेशमार्फत संशोधन गरी जारी गरेको छ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाका निर्देशक डा झलक शर्मा गौतमले सोही अध्यादेशअनुसार कोभिड-१९ विरुद्धको खोप डब्लुएचओले सूचीकृत नगरे पनि नेपालमा ल्याएर नागरिकलाई दिन सकिने बताउनुभयो। अहिलेसम्म डब्लुएचओले कोभिड-१९ विरुद्ध बनेका कुनै पनि खोपलाई सूचीकृत र आकस्मिक प्रयोगका लागि सूचीकृत गरेको छैन। त्यही भएर नेपालले कोभिड-१९ विरुद्ध उत्पादन गरेको मुलुकको नियमनकारी निकायमा दर्ता र त्यहाँका नागरिकलाई लगाएको आधार तथा नेपालको औषधि व्यवस्था विभागमा दर्ता भएको अवस्थामा यहाँका नागरिकलाई खोप दिनेछ।

अहिले कोभिड-१९ विरुद्धको खोप फाइजर एण्ड बायोएनटेक, मोडेर्ना (अमेरिका), अक्सफोर्ड-एस्ट्राजेनेका (बेलायत), 'स्पुतनिक-भी' र ग्यामेलिया (रुस) तथा 'साइनोभ्याक्स' (चीन) का खोप अहिले अन्तिम परीक्षणमा छन्। खोप शाखाका निर्देशक डा गौतमका अनुसार अहिले फाइजर र मोडेर्ना कम्पनीका खोप मात्र उत्पादन गरेका मुलुकमा दर्ता भई त्यहाँका नागरिकले लगाएका छन्। दुवै अमेरिकी कम्पनी हुन्। फाइजर कम्पनी अमेरिका र बेलायत दुवै देशमा दर्ता भएको छ। अक्सफोर्ड-एस्ट्राजेनेका (बेलायत), 'स्पुतनिक-भी' र ग्यामेलिया (रुस) तथा 'साइनोभ्याक्स' (चीन) का कम्पनी अन्तिम परीक्षणको रूपमा रहेका छन्।

"सम्बन्धित देशमा दर्ता र नागरिकलाई लगाएका खोप डब्लुएचओमा सूचीकृत नभए पनि हालै जारी गरिएको औषधि ऐन-२०३५ अध्यादेशअनुसार नेपालमा दर्ता गर्न सकिन्छ", उहाँले भन्नुभयो, "डब्लुएचओमा सूचीकृत नभई यसरी नेपालमा दर्ता भएपछि यहाँका नागरिकलाई लगाउन सकिन्छ।"

अक्सफोर्ड-एस्ट्राजेनेका कम्पनीले बनाएको खोप दुईदेखि आठ डिग्री सेल्सियसमा राख्न सकिने भएकाले उपयुक्त हुन्छ। माइनस २० डिग्री सेल्सियस तापक्रममा रहने मोडेर्नालाई पनि एक महिनासम्म दुईदेखि आठ डिग्री सेल्सियसमा राखेर प्रयोगमा ल्याउन सकिने शाखाका निर्देशक डा गौतमको भनाइ छ। उहाँले अहिले तत्काल नेपालका लागि अक्सफोर्ड- एस्ट्राजेनेका र मोडेर्ना कम्पनीका खोप मात्र उपयुक्त रहेको बताउनुभयो।

**भण्डारण क्षमता बढाइँदै**

खोप शाखाले 'कोभ्याक्स सुविधा' मार्फत ल्याउन खोपको भण्डारणका लागि तयारी थालेको छ। शाखाका निर्देशक डा गौतमका अनुसार अहिले एक लाख ९० हजार लिटर क्षमता राख्न सकिने भण्डारण रहेको बताउनुभयो। "अहिले हामीसँग पहिलो चरणका तीन प्रतिशत जनसङ्ख्यालाई लगाउने खोपको भण्डारण क्षमता रहेको छ", उहाँले भन्नुभयो, "चाँडै नै २० प्रतिशत जनसङ्ख्यालाई पुऱ्याउने खोप भण्डारण क्षमता बढाउने तयारीमा रहेका छौँ।" कोभ्याक्स सुविधामार्फत कूल जनसङ्ख्याको २० प्रतिशतलाई पुग्ने खोप ल्याउने तयारीमा सरकार रहेको छ।

# अन्नपूर्ण सुगर मिलले दैनिक एक करोड भुक्तानी गर्ने

काठमाडौँ, ५ पुस (रासस)।

रौतहटस्थित अन्नपूर्ण सुगर मिलले किसानको बक्यौता रकम भुक्तानी गर्न शुरु गरेको छ। उक्त मिलले एक विज्ञप्ति प्रकाशन गर्दै आइतबारदेखि दैनिक रु एक करोडका दरले रकम भुक्तानी गर्ने जनाएको हो।

मिलले दैनिक रु एक करोडका दरले किसानको खातामा रकम जम्मा गर्ने सूची तयार पारेको भन्दै जतिसक्दो चाँडो भुक्तानी गर्ने मिलका सञ्चालक राकेश अग्रवालले जानकारी दिनुभयो। उहाँका अनुसार गत वर्ष किसानलाई रु अठार करोड भुक्तानी गरिएको थियो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको तथ्याङ्कअनुसार उक्त मिलले भुक्तानी गर्नुपर्ने रकम रु सत्र करोड छ। यसैगरी राकेश अग्रवाल सञ्चालक रहेको नवलपरासीस्थित इन्दिरा सुगर मिलले रु चार करोड ७० लाख भुक्तानी गर्न बाँकी छ।

सबैभन्दा धेरै बक्यौता रकम रहेको श्रीराम सुगर मिलले गत शुक्रबारदेखि भुक्तानी शुरु गरेको छ। उक्त मिलले सोमबारसम्म बक्यौता रकम भुक्तानी गरिसक्ने उद्योग मन्त्रालयमा सहमति गरिसकेको छ। मन्त्रालयमा गरेको सहमति अनुसार उक्त मिलले शुक्रबार छ हजार किसानलाई रु १६ करोड ४४ लाख ७० हजार बक्यौता रकम भुक्तानी गरेको बताएको छ।

गत वर्षको पुस १८ गते सरकार, चिनी मिल र उखु किसानबीच भएको सम्झौता अनुसार रकम भुक्तानी नपाएको भन्दै गत आइतबारदेखि उखु किसानले काठमाडौँमा आन्दोलन गर्दै आएका छन्। मन्त्रालयको तथ्याङ्कअनुसार लुम्बिनी चिनी मिलको रु आठ करोड ४१ लाख, इन्दिरा सुगर मिलको रु चार करोड ७० लाख, अन्नपूर्ण सुगर मिलको रु १७ करोड र श्रीराम सुगर मिलको रु ३५ करोड गरी पाँच चिनी मिलबाट रु ६५ करोड ३१ लाख रकम भुक्तानी गर्न बाँकी रहेको छ। दुई मिलले बक्यौता रकम भुक्तानी गर्न शुरु गरे पनि अन्य मिलले भुक्तानी शुरु गरेका छैनन्।

***कामकाजको …***

संस्कृतिलाई जिन्दगीको तरिका र सभ्यताको परिचायक मानिएको छ। हामी जे गर्छौं त्यसमा हाम्रै सुंस्कृतिको झलक हुन्छ, यस कारण पनि प्रदेश नं २ का प्रदेशसभा सदस्य समक्ष यसको वैशिष्टयलाई कसरी कायम राख्ने गहन जिम्मेवारी काँधमा छ। यसैले प्रदेशसभाका गतिविधिलाई अवसर र चुनौतीका रूपमा लिनु आवश्यक छ। विरोधका स्वर मैथिल संस्कृतिको सरसता, समरसता एवं संवेदनशीलताप्रतिको जागरणका अर्थमा ग्रहण गर्नुपर्दछ। किनकी संस्कृतिको विनाश सजिलो हुँदैन, संस्कृतिको रचना केही वर्षमा हुँदैन। अनेकौं शताब्दीमा कुनै जात र देशको संस्कृतिको निर्माण निर्माण हुन्छ। संस्कार शरीरको होइन, आत्माको गुण हो। सभ्यताका साथ शरीर विलिन हुन्छ तर संस्कृतिको प्रभाव आत्माका साथ जन्मजन्मान्तरसम्म बनि रहन्छ।

साहित्यकार रामभरोस कापडी आगामी वर्ष हुने राष्ट्रिय जनगणना सन्दर्भमा पनि प्रदेश नं २ का प्रदेशसभा सदस्यले प्रदेशसभालाई जनकपुरधामको गौरवको रक्षा र मैथिल संस्कृतिको प्रवर्द्धनमुखी अभियानमा पनि ध्यान केन्द्रित गरेमा चुलिएको प्रसङ्ग सैलाउँदै जाने निश्चित देखिएको विश्वास व्यक्त गर्नुहुन्छ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## विश्व समाचार

### भारतमा कोरोना भाइरस संक्रमितको संख्या एक करोडभन्दा बढी

नयाँदिल्ली, ५ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमितको संख्या आइतबारसम्म एक करोडभन्दा बढी भएको छ। विगत २४ घण्टाको अवधिमा भारतमा २४ हजार ६२४ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको संख्या एक करोड ३१ लाख पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण ३४१ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या एक लाख ४५ हजार ४७७ जना पुगेको छ। भारतको राष्ट्रिय राजधानी दिल्लीमा गत २४ घण्टामा एक हजार १३९ जनामा कोरोना भाइरस सङ्क्रमण देखिएको र ३२ जनाको सङ्क्रमणको कारण मृत्यु भएको छ।

मन्त्रालयको पछिल्लो विवरणमा ९५ लाख ८० हजार व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा तीन लाख पाँच हजार ३४४ सक्रिय सङ्क्रमित रहेका छन्। यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तिब्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले देशभर १६ करोड ११ लाख ९८ हजार को हाराहारीमा नमूना परीक्षण गरेको जनाएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोभिड-१९ को खोप केही हप्ताभित्रै तयार गर्नेगरी कार्य भइरहेको बताउनु भएको छ।

### काबुलमा कारबम विस्फोट आठको मृत्यु

काबुल, ५ पुस (रासस/एएफपी)।

अफगानिस्तानको राजधानी काबुलमा आइतबार भएको कारबम विस्फोटमा परी आठ व्यक्तिको मृत्यु हुनको साथै अन्य १५ भन्दा बढी घाइते भएका सरकारी अधिकारीले जानकारी दिएका छन्। आतङ्ककारीले गरेको आतङ्कमा आफ्ना आठ जना देशवासीको मृत्यु हुनको साथै अन्य १५ जना घाइते भएका गृह मन्त्रालयका प्रवक्ता तारिक अरिआनले बताउनु भएको छ।

सुरक्षा अधिकारीले राजधानीको पश्चिम भागमा सो कारबम विस्फोस्ट भएको पुष्टि गरेका छन्। एक स्वास्थ्य अधिकारीले पनि यस विस्फोटको पुष्टि गरेका छन्। यस विस्फोटको विस्तृत विवरण भने प्राप्त भएको छैन्।

### कोरोना भाइरसबाट विश्वभरी करिब १६ लाख ८० हजारको मृत्यु

पेरिस, ५ पुस (रासस/एएफपी)।

चीनको हुबे प्रान्तको वुहान शहरमा गत वर्षको डिसेम्बरबाट शुरु भएको कोरोना भाइरस सङ्क्रमणबाट हालसम्म १६ लाख ७९ हजार ११४ व्यक्तिको मृत्यु भएको एएफपी समाचार समितिलाई जानकारी दिएको छ। कोरोना भाइरसको कारण विश्वमा सबभन्दा बढी प्रभावित राष्ट्रको रुपमा अमेरिका रहेको छ। अमेरिकामा गत जनवरीबाट शुरु भएको यस कोरोना भाइरसको कारण ३ लाख १४ हजार ३०५ व्यक्तिको मृत्यु भईसकेको छ। अमेरिकापछि ब्राजिलमा एक लाख ८५ हजार ६५० जनाको मृत्यु भएको छ।

त्यसैगरी भारतमा एक लाख ४५ हजार १३६ जनाको मृत्यु भएको छ। मेक्सिकोमा कोरोनाबाट एक लाख १७ हजार २४९ व्यक्तिको मृत्यु भएको छ। इटालीका कोरोना भाइरसबाट ६८ हजार ४४७ जनाको मृत्यु भएको छ। गत सात दिनभित्र कोरोना भाइरसको कारण अमेरिकामा १८ हजार ३४५ जनाको मृत्यु भएको छ। ब्राजिलमा पाँच हजार २१३ जनाको मृत्यु भएको छ। इटालीमा चार हजार ५०७ जनाको मृत्यु भएको छ। मेक्सिकोमा चार हजार २३० जनाको मृत्यु भएको छ भने जर्मनीमा तीन हजार ९६८ जनाको मृत्यु भएको एएफपी समाचार समितिले जानकारी दिएको छ।

### डच सरकारद्वारा बेलायतका उडानमा प्रतिबन्ध

दि हेग, ५ पुस (रासस/एएफपी)।

डच सरकारले बेलायतबाट आउने हवाई उडानमाथि प्रतिबन्ध लगाएको बताइएको छ। बेलायतबाट हुने उडानमा आइतबार देखि नै प्रतिबन्ध लगाइएको यहाँको सरकारले विज्ञप्तिमार्फत जानकारी गराएको छ। बेलायतबाट आएको उडानमा रहेका एकजना व्यक्तिमा हालैमात्र कोरोना भाइरसको जिवाणु पाइएको भन्दै यस उडानमा प्रतिबन्ध लगाएको बताइएको हो। बेलायतले पनि आइतबार सबै नागरिकलाई घरमै बस्न आदेश दिएको छ। बेलायत सरकारले आगामी क्रिसमस तथा नयाँ वर्षका अवसरमा धेरै भिडभाड हुनसक्ने सम्भावना रहेकोले नागरिकलाई घरबाट ननिस्कन भनेको छ।

ब्रिटिस सरकारको यो आदेश आएको भोलिपल्टै आइतबार मात्र डच सरकारले पनि यो यात्रा प्रतिबन्ध लगाएको समाचार आएको छ। बेलायतमा आगामी क्रिस्मससमा र नयाँ वर्षमा दिइएको विदाका समयमा नागरिकले विदा मनाउन ठूलो संख्यामा जम्मा हुनसक्ने भएकोले यसमाथि प्रतिबन्ध लगाएको बुझिएको छ।

आइतबारबाट लगाइएको यो उडान प्रतिबन्ध डच सरकारले आगामी जनवरी १ सम्मका लागि भनी घोषणा गरेको छ। डच स्वास्थ्य मन्त्रालयले प्रकाशन गरेको विज्ञिप्तिमा बेलायतमा पछिल्लो समयमा निकै ठूलो संख्यामा कोरोना भाइरसका सङ्क्रमित बढ्दै गएको र यो क्रम जारी नै रहेमा आगामी नयाँ वर्षका अवसरमा हुने जमघटमा झनै बढ्न सक्ने बताएको छ। यसैले पनि डच सरकारले बेलायतबाट हुनसक्ने कोरोनाको सङ्क्रमणलाई देशमा जति सक्दो धेरै मात्रामा कम गर्ने र उताबाट आउने नागरिकलाई देशभित्र घुलमिल हुन नदिने नीति डच सरकारले लिएको पनि बताइएको छ। डच सरकारले पनि आफ्ना नागरिकलाई निकै नै आवश्यक काम नपर्दासम्म बेलायतको भ्रमण नगर्न भनेको छ।

# प्रदेश २ महिला क्रिकेटमा महोत्तरी च्याम्पियन




**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**

प्रधानमन्त्रीकप क्रिकेट प्रतियोगिता अन्तरगत सप्तरीमा सम्पन्न प्रदेश २ स्तरिय महिला क्रिकेट प्रतियोगिताको उपाधी महोत्तरीले हात पारेको छ ।

आइतबार राजविराजस्थित राजरंगशालामा सम्पन्न फाइनल खेलमा सिरहालाई ८ विकेटले हराउँदै महोत्तरीले सो उपाधी हात पारेको हो ।

टस जितेर पहिलो ब्याटिङ रोजेको सिरहा निर्धारित २० ओभरको खेलमध्ये १४ दशमलव ५ ओभरमै सब विकेट गुमाउँदै ८६ रनको चुनौती पेश गरेको थियो । सिरहाका लागि कविता गौतम २४, उर्मिला चौधरी १५ र सरस्वती चौधरीले १४ रनको योगदान दिएका थिए ।

बलिङतर्फ महोत्तरीकी शोभा आलेले घातक वलिङ गर्दै ५ तथा बिमला मगरले ३ र रोजि कडारीले २ विकेट लिएकी थिइन् । जवाफी ब्याटिङमा उत्रेको महोत्तरीले १४ दशमलब ४ ओभरमै २ विकेटको क्षतिमा बिजयी लक्ष्य प्राप्त गरेको थियो ।

महोत्तरीका लागि बिमला मगरले सर्वाधिक ३२ तथा गोमा आले २४ र रोजि कडारीले २१ रनको योगदान दिएका थिए । प्रतियोगितामा उत्कृष्ट बलिङ गर्दै विपक्षि टिमको ५ विकेट लिए वापत महोत्तरीकी शोभा आले प्लेयर अफ द फाइनल घोषित भइन् ।

प्रतियोगिता अन्तरगत उत्कृष्ट बलर महोत्तरीकी रोजि कडारी, उत्कृष्ट ब्याटसम्यान सिरहाका अनुराधा चौधरी तथा प्लेयर अफ द सिरिज महोत्तरीकी बिमला मगर घोषित भए ।

प्रतियोगिता समाप्तिपछि क्रिकेट संघ सप्तरीका अध्यक्ष एवं प्रदेश २ का सचिव आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, तिलाठी कोइलाठी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंह, प्रदेश २ क्रिकेट संघका उपाध्यक्ष सुनिल महासेठ, छनौट प्रतियोगिता प्रदेश २ का संयोजक मुर्तुजा हवारी, खेलकुद पत्रकार संघका अध्यक्ष मनोज कुमार माझी, पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा, वडा अध्यक्ष जयनारायण मण्डल, प्रशिक्षक राजकुमार दास, प्रकाश शर्मा लगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार बितरण गरेका थिए ।

# आगलागिमा ज्यान गुमाएका परिवारलाई राहत

**दैनिक समाचारदाता**
**राजविराज, ५ पुस ।**




गत शुक्रबार आगलागिमा परि निधन भएका राजविराज १६ बोरियाका झलाई यादवका परिवारलाई आइतबार एक सामाजिक संस्थाले राहत बितरण गरेको छ ।

धर्मी हल्फा महिला विकास क्लब लालापट्टीका अध्यक्ष ई. सूर्यनारायण यादवले अग्निपीडितको घरमै पुगेर स्व. यादवका छोरा मिश्रीलाललाई राहत स्वरुप लत्ताकपडा, भाडाकुडा र त्रिपाल लगायतका सामाग्रि प्रदान गरेका हुन् ।

८५ वर्षिय यादवको गोठमा सुतेका बेला शुक्रबार बिहान आगलगि भएपछि घटनास्थलमै मृत्यु भएको थियो ।

यसैबीच विपत्तिमा परेकाहरुको समस्यालाई प्रमुखताका साथ समाचारका माध्यमबाट उठान गरेको भन्दै क्लवले पत्रकार मनोज माझीलाई दोसल्ला ओढाएर सम्मान समेत गरेको छ ।

## प्रतिनिधिसभा ...

जोडदार विरोध गरेका छन् ।

जारि विज्ञप्तिमा 'यो अधिनायकवाद र निरंकुशताको पराकाष्ठा रहेको हाम्रो ठहर छ । सम्पूर्ण पार्टी पंक्ति र आमनागरिकलाई यस कदमको प्रतिवाद गर्न आग्रह र आह्वान गर्दछौं ।' भनिएको छ ।

सोही विज्ञप्तिमा जसपाले यथाशीघ्र बैठक बसी यसबारे थप निर्णय गर्ने जनाइएको छ ।

# प्रतिनिधिसभा विघटनको सिफारिस संविधानको अक्षर, मर्म र भावना विपरीत छ : कांग्रेस

काठमाडौँ, ५ पुस (रासस) ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गर्न गर्न सरकारले चालेको कदम संविधानको अक्षर, मर्म र भावना विपरीत रहेको छ । प्रधानमन्त्री ओलीले आइतबार बिहान ताजा जनादेशका लागि भनी प्रतिनिधिसभा विघटनको सिफारिस गर्नुभएको थियो ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले आइतबार विज्ञप्तिमार्फत सोको राजनीतिक रूपमा प्रतिवाद गर्ने जनाउनुभएको छ । चुनावको बेला स्थिरताको चर्को नारा दिएको तर आफ्नो पार्टीभित्रको द्वन्द्वको परिणामस्वरुप मुलुकलाई अस्थिरतातर्फ पुनः धकेल्न खोज्ने प्रवृत्तिको विरोध गर्दै पार्टीले सो प्रयत्नलाई असफल तुल्याउने जनाएको छ ।

कांग्रेसले उक्त सिफारिस अस्वीकार गरेर संविधानप्रतिको आफ्नो अभिभावकीय कर्तव्य निर्वाह गर्न राष्ट्रपतिलाई अपिल गर्दै संविधान र लोकतन्त्र रक्षाका लागि एकजुट हुन पार्टीका नेताकार्यकर्ता, सबै राजनीतिक दल, सङ्घसंस्था र समस्त लोकतन्त्रवादीमा अपिल गरेको छ । पार्टीले लिने आवश्यक कदम र थप धारणाबारे आइतबारै अपराह्न १ बजे काठमाडौँ उपत्यकामा उपलब्ध पार्टीका पदाधिकारी र पूर्व पदाधिकारीको बैठक बोलाइएको प्रवक्ता शर्माले जानकारी दिनुभयो ।

# कांग्रेसलाई संसद् विघटन मान्य छैन : डा कोइराला

बिराटनगर, ५ पुस (रासस) ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले संसद् विघटन कांग्रेसलाई मान्य नहुने बताउनुभएको छ ।

प्रेस युनियन मोरङले आइतबार बिराटनगरमा गरेको पत्रकार सम्मेलनमा उहाँले 'संसद् विघटनको कदम असंवैधानिक हो' भन्नुभयो । उहाँले प्रधानमन्त्रीलाई संविधानको कुनै पनि धारामा संसद् विघटन गर्ने अधिकार नभएको दावी गर्नुभयो ।

संसद् विघटनको कदमले लोकतन्त्र विरोधीलाई बल पुगेको भन्दै केन्द्रीय सदस्य कोइरालाले सबै राजनीतिक दल विरोधमा लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "लोकतन्त्र र संविधानको रक्षाका लागि दलहरु मिलेर अघि बढ्नुपर्छ ।"




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np